नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/६/०७९/८० मिति: २०७९/०७/३०

## सूचना

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने चालू पुँजी कर्जाको औचित्य, प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित होस् भन्ने अभिप्रायले २०७९ कार्तिक १ गतेबाट लागु हुने गरी चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ जारी गरिएको विदितै छ । बैंक तथा वित्तीय संस्थाका ग्राहक ऋणीले यस्तो कर्जा प्राप्त गर्ने मापदण्डमा एकरुपता भई कर्जा प्राप्त गर्न सहज हुने तथा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने चालू पुँजी कर्जाको सदुपयोगिता सुनिश्चित हुने, सम्पत्तिको गुणस्तर सुदृढ एवं यथार्थपरक हुने, कर्जा जोखिम व्यवस्थापन प्रभावकारी हुने, कर्जा विश्लेषणमा एकरुपता आउने, निरीक्षण र सुपरीवेक्षण प्रभावकारी हुने विश्वास गरी मूख्यतः देहायका विशेषता सहित मार्गदर्शन लागु गरिएको छ :

१. रु.२ करोड वा सोभन्दा कम रकमको चालू पुँजी कर्जाको सीमा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र कायम गर्न सकिने तर विस्तृत विश्लेषणको आधारमा ४० प्रतिशतसम्म कर्जा सीमा बैंक तथा वित्तीय संस्थाले कायम गर्न सकिने । त्यस्तै रु.२ करोड भन्दा बढी रकमको चालू पुँजी कर्जाको सीमाको हकमा ऋणीको आवश्यकतालाई Fluctuating तथा Permanent दुई भागमा विभाजन गरी Fluctuating को हकमा २५ प्रतिशत र Permanent को हकमा आवश्यकतानुसार बैंक तथा वित्तीय संस्थाको कर्जा नीति बमोजिम सीमा कायम गर्न सकिने । यस्तो Permanent Working Capital ऋणीको व्यवसायीक प्रकृति र आवश्यकता अनुसार कम्तीमा ५ वर्षका लागि आवधिक कर्जा प्रवाह गर्न सकिने ।

२. ऋणीले पेश गरेको लेखा परिक्षण प्रतिवेदन अनुसारको कारोबार अनुमानितसँग २० प्रतिशत भन्दा बढीले कम भएमा Variance सम्बन्धी व्यवस्था लागु हुने । तर चालू पुँजी प्रयोजनको आवधिक कर्जाको हकमा २५ प्रतिशतभन्दा बढीले कम भएको पाइएमा मात्र Variance को व्यवस्था लागु हुने । सो व्यवस्थाको सहज कार्यान्वयनका लागि मिति २०७९।०६।१७ मा जारी गरिएको परिपत्रमा Variance सम्बन्धी व्यवस्था पहिलो वर्ष अनिवार्य नहुने भनी प्रष्ट पारिएको ।

३. चालू पुँजी कर्जाको लागि चल सम्पत्ति बाहेक अन्य कुनै पनि प्रकारको स्थिर र/वा अचल सम्पत्ति (जस्तैः घर, जग्गा आदि) सुरक्षण आवश्यक नहुने ।

४. नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालू पुँजी कर्जा खाता आर्थिक वर्षको कुनै एक समयमा उद्योग/व्यवसायको प्रकृतिअनुसार कम्तीमा लगातार ७ दिन शून्य बक्यौता कायम गर्नुपर्ने । तर यस व्यवस्था कार्यान्वयनका लागि पहिलो वर्ष ३० प्रतिशतभन्दा कम, दोस्रो वर्ष २० प्रतिशतभन्दा कम र तेस्रो वर्ष १० प्रतिशतभन्दा कम बक्यौता कायम गर्न सकिने ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

५. समग्र बैंकिङ्ग प्रणालीबाट कुल रु.५० लाख वा सोभन्दा कम चालू पुंजी कर्जा उपयोग गर्ने कर्जाको हकमा यो मार्गदर्शनको व्यवस्था अनिवार्य नहुने ।

यस सन्दर्भमा चालू पुंजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ लागू भएको १ महिना व्यतित भएको हुँदा कार्यविधि कार्यान्वयनको क्रममा कुनै समस्या वा दुविधा देखिएको भए २०७९ मंसिर १० गते भित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको इमेल ठेगाना nrbbfirdppd@nrb.org.np मा बुँदागत रुपमा सुझाव उपलब्ध गराईदिनु हुन यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई यो सूचना जारी गरिएको छ ।

..............................
कार्यकारी निर्देशक